रौतामाई गाउँपालिकाको

# कोल्ड च्याम्बर(सित गृह) स्थापना तथा संचालन कार्यविधि - २०७८

प्रस्तावना : कृषक समूह ,सहकारी, निजि उद्ध्यम  व्यवासाही र कृषकहरु बाट उत्पादित कृषि उपज हरुको सुरक्षित् भण्डारण गरि उचित समय मा बिक्रि वितरणको व्यवस्था मिलाई कृषकहरुलाई अधिकतम लाभ प्रधान गर्न र उत्पादित कृषिजन्य उत्पादनलाई निर्यात योग्य अवस्थामा पुर्याउन कोल्ड चैम्बर स्थापना र सोको संचालन प्रणालीको विकासका लागि स्थानीय सरकार (रौतामाई गाउँपालिका) बाट उपलव्ध गारिने अनुदान लाई पारदर्सी एवं उपलव्धि मुलक ढंगले व्यवस्थापन गर्न र अनुदान को उदेश्य अनुरुप सेवा प्रदायक निकाय र लाभग्राहीलाई जवाफदेही एवं उत्तरदायी बनाउन वान्छनीय भएकोले यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम ,प्रारम्भ : (१) यस कार्यविधि को नाम  कोल्ड चैम्बर स्थापना तथा संचालन कार्यविधि - २०७८ हुनेछ ।

(२)यो कार्यविधि रौतामाई गाउँपालिकाको बोर्ड बैठक बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा: बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा , -

(क) अनुदान  भन्नाले यस कार्यविधि बमोजिम कोल्ड चेम्बर निर्माण गर्ने कार्यमा सहयोग पुर्याउन उपलब्ध गराईने जिन्सी वा नगद अनुदान सम्झनु पर्छ ।

(ख) आवेदक भन्नाले यस कार्यविधि बमोजिम अनुदान पाउन योग्य भई छनौट भएका कृषक समूह ,सहकारी, निजि उधमी ब्यवासाही र कृषक सम्झनु पर्छ ।

(ग) कोल्ड चेम्बर भन्नले न्युनतम २५ टन देखि १०० टन क्षमता भएको एक वा बहु (मल्टी) चेम्बर भएको एकतले वा बहुतले वातानुकुलित संरचना सम्झनुपर्छ ।

(घ) प्रस्ताव भन्नाले कोल्ड चेम्बर निर्माणका लागि प्रचलित कानुन को रित पुरा गरि जारी गरिएको सूचनामा उल्लेख भए बमोजिमको विवरण सहित आवेदकले पेश गरेका कागजातहरु सम्झनु पर्छ।

(ङ) संरचना भन्नाले यस कार्यविधि बमोजिम अनुदानमा निर्माणाधीन रहेका वा निर्माण सम्पन्न भएका कोल्ड चेम्बर सम्झिनु पर्छ।

# परिच्छेद-२

## कार्यक्रम संचालन

१.**वार्ड छनौट र छनौट को आधार :** कार्यक्रम सञ्चालन क्षेत्रका आधारहरु देहाय बमोजिम हुनेछन्:

क. आलु, फलफुल, तरकारी र कृषि उपज का उत्पादन र बजारीकरणको सम्भावना भएको,

ख. आलु, फलफुल, तरकारी र कृषि उपज को उत्पादन र प्रवर्दन गर्ने उदेस्य बोकेको,

ग.उपभोक्ताको माग र आवश्यकता हेरी खाधान्न, र कोल्ड चेम्बर उपकरणहरुमा थप घट गर्न सकिने छ।

छनौट का आधार निम्न हुनेछन्

क. क्षेत्र को अवस्थिति

ख. बजारीकरण को सम्भावना

ग. यातायात को सुबिधा

घ. बिजुली बत्ति को पहुच

२. **प्रस्ताव मुल्यांग्कन आधार , मुल्यांग्कन गर्ने अवधि**

१. माथि उल्लेख भएको सम्पूर्ण कार्यहरु गाउँपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुरुप प्रक्रिया संचालन गर्नेछ।

**३ उपभोक्ताबाट निवेदन माग गर्नेः .**

(१) यस कार्यविधि बमोजिम कोल्ड चेम्बर सेटमा अनुदान लिन चाहने कृषक उपभोक्ताका लागि कम्तिमा १५ दिनको म्याद दिई सार्वजनिक सुचना स्थानीय पत्रिका एबम गाउँपालिकाको सुचनापाटिमा प्रकाशन गर्नेछ र सबै वडाकार्यालय हरुमा पत्र मार्फत जानकारी गराई सुचना टास गर्न लगाइनेछ

**४. छनौट**

यस कार्यविधि बमोजिमको कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरुको छनौट कृषि विकास समितिले तोके बमोजिम हुनेछ|

**५. कृषि विकास समिति को काम कर्तव्य र अधिकार**

म्यादभित्र दर्ता भएका शिलवन्दी प्रस्तावहरु प्रस्तावदाता वा प्रतिनिधिको रोहवरमा खोल्ने । (क)

(ख)कोल्ड चेम्बर उपकरणको छनौट गर्ने ।

(ग)अनुसूची २-अनुसार प्रस्ताव गरेका कोल्ड च्याम्बर उपकरणहरुको किसिम **(Type)** क्षमता, **(Capacity/** टन**)** मोडेल ,**(Model)** ब्राण्ड ,**(Brand)** र अन्य स्पेशिफिकेशन **(Specification)** को आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहकृत गरी उक्त समुहमा सबैभन्दा न्यूनतम् मूल्य , **(Lowest Rate)** लाई आधार मानी अनुदानको रकम तोक्ने ।

**(**घप्रस्ता **(**वमा पेश भएका यन्त्र उपकरण समुहकृत गर्न नमिलेका अवस्थामा पेश गरेको सोही दरलाई न्युनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने ।

(ङ)कोल्ड चेम्बर को विवरण उपलब्ध हुने स्थान र अनुदान रकम आदि विवरणहरु कृषि बिकास , समितिलाई लाई उपलब्ध गराउने ।

नगरपालिका को कृषि (च) विकास शाखालाई कार्यक्रम संचालनमा आवश्यक राय तथा सुझाव , दिने ।

**६.गाउँपालिका कृषि विकास समिति को काम कर्तव्य र अधिकार**

सम्बन्धित पालिका को कृषि विकास शाखा को कामअधिकार र जिम्मेवारी देहाय ,कर्तव्य , बमोजिमको हुनेछ ।

(क) अनुसूची -२ अनुसार च्याम्बर  लिन ईच्छुक उपभोक्तालाई औपचारिक जानकारीका लागि कार्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ख)कोल्ड चेम्बर  उपकरणहरुका आपूर्तिकर्ता मोडेल ,**(Model)** ब्राण्ड ,**(Brand)** र न्यूनतम् मूल्य **(Lowest Rate)** अनुसारको संक्षिप्त विवरण कृषि इन्जिनियर मार्फत तयार गरि समिति मा पेस गर्ने ।

(ग) प्राप्त अनुदान रकमलाई आधार मानी सम्भव भएसम्म माग गर्ने सबै उपभोक्ताहरुलाई सिफारिश गर्ने र रकम नपुग भएमा अति आवश्यकलाई प्राथमिकता दिन छनौट समिती नगरपालिका लाई सिफारिस गर्ने ।

**७. उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरुः .**

कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछ ।

क) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्नेछ

ख) उपभोक्ताले सेटमा मात्र कृषि यन्त्र उपकरण अनुदानमा पाउनेछन्

ग) उनुदानमा उपलब्ध गरिएको क्रिओशी यन्त्र उपकरणहरु कृषि कार्यको समयमा कृषि कर्ममा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन

घ) अनुसूची ४ अनुसार भएको सम्झौता बमोजिम गाउँपालिकाले अनुदानको रकम आपूर्तिकर्ता लाई  भुक्तानी गर्नु पर्नेछ

ङ) उपभोक्ताले प्राप्त गरेको यन्त्र उपकरण हरुको सहि सदुपयोग गरी उपयुक्त ढंगबाट संचालन गर्नुपर्नेछ, उक्त मेशिन उपकरण हरुलाई भाडामा अन्य किसानको खेतमा प्रयोग गर्नुपरेमा प्रचलित न्युनतम दररेटमा वडा संग स्वीकृत गराई संचालन गर्न सकिनेछ

**८. अनुदान र भुक्तानी  प्रवाह विधिः**

अनुदान र भुक्तानी प्रवाह विधि अनुसूची ४ मा उल्लेख गरिएको सर्त बमोजिम हुनेछ ।

**९. अनुगमनः**

कार्यक्रमको अनुगमन देहाय बमोजिम गरिने छ।

- संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य  गाउँ पालिकाले अनुगमन समिति र कृषि विकास शाखा ले नियमित रुपमा गर्नेछ ।
- कार्यक्रम संचालन तथा अनुगमन लगायतका कार्यका लागि अनुदान रकमको ५% सम्म रकम कन्टिजेन्सी स्वरुप  छुट्याईने छ ।

**१०. कार्यविधिको परिमार्जनः**

यस कार्यविधिको संशोधन परिमार्जन यस नगरपालिकाको कार्यपालिकाले गर्न सक्नेछ।

**११. प्रचलित कानुन लागू हुनेः**
यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ

**१२अन्तिम व्याख्याः.**
यस कार्यविधिको कार्यान्वयनमा द्विविधा भएमा नगरपालिका ले गरेको व्याख्या अन्तिम हुनेछ।

**१३अनुसूचीमा हेरफेर गर्न सक्नेः .**
यस कार्यविधिमा संलग्न अनुसूचीहरु आवश्यकता अनुसार नगरपालिका ले हेरफेर गर्न सक्नेछ।

# परिच्छेद-३

## समूह सहकारी मार्फत/कोल्ड चेम्बर संचालन बिधि

कटारी नगरपालिकामा हुने भण्डारण बिस्तारलाइ आधुनिकीकरण मार्फत कृषि व्यापारमा सहजीकरण र सुनिस्चितता गर्न कोल्ड चेम्बर उपकरणहरु नगरपालिकाले खरिद गरेको तथा विभिन्न निकाय हरुबाट ) लाइ किसानहरुको पहुचमा पुर्याई उत्पादन(अनुदानमा प्राप्तको दिगो भण्डारण गरि यन्त्र उपकरणलाइ सहि ढंग बाट परिचालन गर्न यो बिषय कार्यविधिमा समेटिएको छ।

**अ. संचालन बिधि**
यस कार्यविधि अनुरुप यसको संचालन बिधि नगरपालिका को कार्यपालिका बैठक ले निर्णय गरे बमोजिम हुनेछ|

**आ. आम्दानी बाँडफाँड :**
यस संस्थाले कोल्ड चेम्बर उपकरण परिचालन गरेवापत प्रति इकाई भाडा बापत प्रगोग कर्ता किसान संगबाट लिने र सो रकम तपशिल बमोजिम अनुसार बाँडफाँड गर्ने

१. सम्बन्धित सहकारी/समूह --------९०%
२. नगरपालिका ---------------------------१०%

*(नोटः*

१ .आम्दानी को **बाँडफाँड** माथि उल्लेखित भए बमोजिम वा नगरपालिका र सहकारी|समूह बीच सहमति मा हुनेछ/

## अनुसुची-१

### अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने निवेदनको ढाँचा

श्रीमान् नगर प्रमुखज्यू ,                                                                                    मितिः

कटारी नगरपलिका,उदयपुर।

विषयः कोल्ड चेम्बर उपकरण अनुदानमा उपलब्ध गराई पाउँ।

मलाई तरकारी , हामीलाई खाद्यान्न/, आलु र फलफूल भण्डारण कार्यमा उपयोग गर्नका लागि _"**कोल्ड च्याम्बर स्थापना तथा संचालन कार्यविधि -२०७८** अनुसार "_त्यस गाउँपालिका को मिति ............................को ................................राष्ट्रिय दैनिक पालिकाको सूचना पाटी मा टाँस गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कोल्ड चेम्बर उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेको छु/छौं ।

संलग्न कागजातः

१.
२.
३.
४.
५.
६.
७.

निवेदकको नामः.................................................

पदः ..................................................................

दस्तखतः ........................................................

संस्थाको नामः ..............................................

संस्थाको छापः

## अनुसूची - २

## प्रस्ताव को ढाचा

१ आवेदक को विवरण :

| | |
|---|---|
| आवेदक को नाम: | |
| आवेदक को ठेगाना : | |
| आवेदक को किसिम: | सहकारी /समूह/निजि उधमी |
| स्थापना/दार्ता वर्ष : | |
| स्थाई लेखा दर्ता न.: | |
| खाता रहेको बैंक को नाम/ठेगाना: | |
| खातावालाको नाम: | |
| खाता न.: | |
| संस्थाको मुख्य उदेस्य: | |
| जिम्मेवार व्यक्ति: | |
| पद: | |
| सम्पर्क न.: | |

| | |
|---|---|
| पत्राचार ठेगाना: | |
| परियोजना स्थल: | |
| प्रस्तावित योजनाको कुल खर्च: | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए कुन संस्था बाट के के उदेस्यको लागि वित्तीय सहयोग पाहुनु भएको छ खुलाउनु होस्| | |

१. कोल्ड चेम्बर बाट सेवा दिइने उत्पादन स्थलहरु, समूह/सहकारी र सेवा प्रदान गरे वापत लिइने सेवा सुल्क विवरण:

| उत्पादन स्थलहरु | समूह/सहकारी | भण्डारण गरिने बस्तुहरु | | | |
|---|---|---|---|---|---|
| | | वस्तु | परिमाण(क्ुइन्टल्) | समयावधि(दिन /महिना) | लिईने शुल्क(प्रति क्ुइन्टल) |
| | | | | | |
| | | | | | |

- माथि उल्लेखित शुल्क विवरण नगरपालिका बाट स्वीकृत गराई लागु हुनेछ|

## अनुसूची -३-

### आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु

**संस्थागत उपभोक्ताको लागि (कृषि सहकारी/कृषक समूह/निजि फर्म)**

१संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि.
२संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने . कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्नेछ।
३.संस्थाको **PAN** वा **VAT** प्रमाण पत्रको प्रतिलिपि
४ग.त आको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि .व.
५संस्थाको निर्णय प्रतिलिपि.
६ संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र.
७अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति.

८. लालपूर्जाको प्रतिलिपी

१०सामुहिक. रुपमा प्रयोग गर्ने उपकरण को हकमा प्रयोगका लागि निर्देशिका तयार पारि प्रयोग गर्नु पर्ने छ ।

# अनुसूची- ४

## (अनुदानमा आधारित कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र )

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी उदयपुर र प्रयास परियोजना बीच मिति :..../.../.....गते भएको सम्झौता बमोजिम ***ताजा फलफुल आलु प्याज, तरकारी, र कृषि उपज भन्डारणका लागि कोल्ड च्याम्बर र स्थापना सहयोग कार्यक्रमम*** अन्तर्गत कटारी नगरपालिकाको यस पछी ) उदयपुर अनुगमनको आधारमा छनोट ( भनिएको पहिलो पक्ष उधमी वा प्रतिनिधि ,सहकारी, भएको कृषक समूह सहमति भई \विच तपशिलका शर्तहरु परिपालना गर्ने गराउने गरि कार्यक्रम सम्पन्न गर्न सम्झौता( दोस्रो पक्ष) यो सम्झौतापत्रमा हस्ताक्षर गरि एक| दियौं/एक प्रति बुझी लियौं/

**योजनाको नाम**: ***ताजा फलफुल आलु प्याज भन्डारणका लागि कोल्ड च्याम्बर र स्थापना सहयोग, तरकारी, कार्यक्रम***

**समूह -: टोल बिकास सस्था\उधमी कृषक समूह\सहकारी**

**योजनाको कुल लागत-:**

**उपभोक्ताको तर्फ बाट-:**

**नगरपालिको तर्फ बाट:**

**अनुदान प्रतिशत -:** ७५%

**अन्य केहि भए खुलाउने-:**

**तपशिल:**

**<u>शर्तहरु</u>**

१)  रौतामाई गाउँपालिका पहिलो पक्ष र कृषि फर्म, समूह, सहकारी दोश्रो पक्षले कार्यक्रमको निर्माण कार्य सम्झौता भएको मितिले २१ दिन भित्र सम्पन्न गरिसक्नु पर्ने छ

२) पहिलो पक्षले सार्वजनिक खरिद नियमावली बमोजिम शिलबन्दी दरभाउ पत्र आवाहान गरि छनोट भएको सप्लायर मार्फत निर्माण गराउने छ र सोझै शत प्रतिशत रकम सप्लायर लाई भुक्तानी दिइनेछ साथै दोश्रो पक्षले रौतामाई गाउँपालिका संचित खातामा २५ % रकम जम्मा गर्नु पर्नेछ

३) कार्यक्रम संचालन गर्दा प्रचलित ऐन नियम अनुसार वा रौतामाई गाउँपालिका संग सम्झौता भए बमोजिम प्रक्रिया पुरा गर्नु पर्नेछ |

४) कोल्ड च्याम्बर स्थापना पश्चात संचालन कार्यविधि बनाई रौतामाई गाउँपालिका संग समन्वय गरी संचालन गर्नु पर्ने छ

५) प्रस्तावित कार्यक्रम संचालन गरिएको स्थान वा ठाउमा सहयोगी निकायको नाम उलेखित बोर्ड र सामग्रीको हकमा स्टिकर वा पेन्ट गरेर राख्ने कार्य दोस्रो पक्षले अनिवार्य गर्नु पर्नेछ |

६) कारण बस प्रस्तावित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकमबाट खरिद गरिएको उपकरण दोश्रो पक्षले फिर्ता लिन सक्नेछ

७) सम्झौता मुताविकको कार्य नभएमा वा श्रोतको दुरुपयोग भए बराबरको रकम उपर प्रथम पक्षले असुल गर्न सक्नेछ

८)  प्रथम पक्षको तर्फ बाट कुनै पनि समयमा हुने निरीक्षण, अनुगमन, तालिम भ्रमणमा दोश्रो पक्षले अनिवार्य रुपमा सहयोग गर्नु पर्नेछ

९) कोल्ड च्याम्बर संचालन गर्दा दोश्रो पक्षले नाफाको १० % बार्षिक रुपले पहिलो पक्ष रौतामाई गाउँपालिका लाई बुझाउनु पर्ने छ

**कृषक समूह ,सहकारी ,उधमी को तर्फबाट:**

नाम :-

पद :-

दस्तखत :-

समुहको छाप:-

**कृषि शाखाको तर्फ बाट :**

नाम:-

पद:-

दस्तखत:-

रौतामाई गाउँपालिका **तर्फबाट**:

नाम:-

पद:-

दस्तखत:-

कार्यालयको छाप:-